त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्काय
डीनको कार्यालय, बल्खु, काठमाडौं ।

**मितिः २०७९/०८/१८**

## BCA कार्यक्रम अन्तर्गत तेस्रो, पाँचौं र सातौं सेमेस्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) फाराम भर्ने सम्बन्धी जरुरी सूचना!

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सेमेस्टर प्रणालीमा सञ्चालित BCA (Bachelor in Computer Applications) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष २०१८ को **सातौं** सेमेस्टर, शैक्षिक वर्ष २०१९ को **पाँचौं** सेमेस्टर र शैक्षिक वर्ष २०२० को **तेस्रो** सेमेस्टरका नियमित तथा आंशिक परीक्षार्थीहरूको सत्रान्त २०७९ साल माघको दोस्रो हप्ता पश्चात् सञ्चालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरूलाई २०७९ साल पौष २१ गतेसम्म अनलाइन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीद्वारा आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी यस सङ्कायको वेवसाइट www.tufohss.edu.npमा अंकित https://exam.tufohss.edu.np मार्फत वेवसाइटमा उल्लेखित निर्देशनअनुसार अनलाइन परीक्षा फाराम भर्न सकिने छ । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फाराम उपर कुनै कार्यवाही हुने छैन ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०७९ साल पौष २१ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोब्बर दस्तुरमा २०७९ पौष २७ गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर :** नियमित परीक्षार्थीले आफू अध्ययनरत क्याम्पस/कलेजको नाममा रहेको बैंक खातामा रू. २,५००/- (अक्षरेपी रू. दुई हजार पाँच सय मात्र) र आंशिक परीक्षार्थीहरूले एक वा दुई विषयको १,०००/- , तीन विषयको १,५००/- , चार विषयको २,०००/- र पाँच विषयको २५००/- आफू अध्ययनरत क्याम्पस/कलेजको नाममा रहेको बैंक खातामा जम्मा गरी सोको भौचर Upload गर्नु पर्ने ।
- परीक्षार्थीहरूले अनलाइन परीक्षा फाराममा विवरण भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्नेछ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरूले त्रि.वि. दर्ता नं. अनिवार्यरूपमा अनलाइन परीक्षा फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. दर्ता नं. नभएका परीक्षार्थीहरूको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- प्रयोगात्मक परीक्षा तथा Viva २०७९ साल पौष ०१ गते देखि २१ गतेभित्र सम्बन्धित क्याम्पस/कलेजमा नै सञ्चालन हुनेछ । प्रयोगात्मक परीक्षा शुल्क रू. १५००/- निर्धारण गरिएको छ । प्रयोगात्मक परीक्षाको प्राप्ताङ्क वाह्य परीक्षकले हस्ताक्षर गरी परीक्षा सम्पन्न भएको चार दिनभित्र डीन कार्यालयमा बुझाउनु पर्ने छ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले विद्यार्थीहरूले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण परीक्षा फाराममा अनलाइन मार्फत भरी पठाउनु पर्नेछ ।
- अनलाइन परीक्षा फाराममा विद्यार्थीहरूले दुवै कान देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो, फाराममा तोकिएको ठाउँमा दस्तखत र स्थानान्तरण-पत्र (अन्य क्याम्पस/कलेजबाट स्थानान्तरण भई आएका विद्यार्थीहरूका लागि मात्र) आदि Upload गर्नुपर्ने छ ।

- सम्बन्धित क्याम्पस/कलेजहरूले डीन कार्यालयबाट उपलब्ध गराइएको User ID र Password प्रयोग गरी विद्यार्थीहरूले भरेका अनलाइन परीक्षा फाराम २०७९ साल पौष २२ गतेभित्र र दोब्बर दस्तुरको हकमा पौष २८ गतेभित्र रूजु र प्रमाणित (Verify) गरिसक्नु पर्नेछ ।
- सम्बन्धित क्याम्पस/कलेजहरूले परीक्षार्थीहरूको फाराम शुल्कको एकमुष्ट रकम यस डीन कार्यालयको नाममा रहेको नेपाल बैंक लिमिटेड, कीर्तिपुर शाखामा रहेको खातामा Single दस्तुरको २०७९ साल पौष २४ गतेभित्र र दोब्बर दस्तुरको पौष २९ गतेभित्र अनिवार्य रुपमा जम्मा गरिसक्नु पर्ने छ । उक्त अवधिभन्दा पछि शुल्क बुझाएमा सम्पूर्ण फारामहरूको दोब्बर दस्तुर लाग्ने छ ।
- विद्यार्थीहरूले भरेका र क्याम्पस/कलेजहरूले भर्नु पर्ने सम्पूर्ण विवरणहरू (**विद्यार्थीहरूको हाजिरी, आन्तरिक मूल्याङ्कन लगायत अन्य विवरणहरू**) को रूजु र प्रमाणीकरण गरिसकेपछि सम्बन्धित क्याम्पस/कलेजको पत्र सहित परीक्षा शुल्क बुझाएको सक्कल भौचर र विद्यार्थीको आन्तरिक मूल्याङ्कनको सक्कल प्रति (Hard Copy) र क्याम्पस/कलेजको नवीकरण पत्रको प्रतिलिपि तथा विनियोजन शाखामा सेवा-शुल्क तिरेको रसिदको प्रतिलिपि समेत २०७९ साल माघ ०३ गतेभित्र यस कार्यालयमा अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।
- डीन कार्यालयबाट परीक्षा फाराम स्वीकृत (Approved) भएका परीक्षार्थीहरूको प्रवेश-पत्र मिति २०७९ साल माघ पहिलो हप्तापछि सम्बन्धित विद्यार्थीहरूले आफ्नै **username** र **password** प्रयोग गरी https://exam.tufohss.edu.np बाट अनलाइन मार्फत प्राप्त गर्न सक्ने छन् ।

**सहायक डीन**